# शहीद प्रतिष्ठान नेपालको शाखा संञ्चालन नियमावली, २०८०

**(विधानको दफा १७ (३) सँग सम्बन्धित)**

(शहीद प्रतिष्ठान नेपालको विधान, २०६५ को धारा २८ ले दिएको अधिकार प्रयोग गरी मिति २०८० साल माघ १३ गते काठमाडौंमा सम्पन्न शहीद प्रतिष्ठान नेपालको १४ औं साधारणा सभाले पारित गरी शहीद प्रतिष्ठान नेपालको यो शाखा सञ्चालन नियमावली, २०८० जारी गरेको छ ।)

## परिच्छेद- १

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क. यस नियमावलीको नाम **शहीद प्रतिष्ठान नेपालको शाखा सञ्चालन नियमावली, २०८०** रहेको छ।

ख. यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

## परिच्छेद- २

## परिभाषा

**२) परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

**क. 'विधान'** भन्नाले शहीद प्रतिष्ठान नेपालको विधान, २०६५ सम्झनु पर्दछ ।

**ख. 'नियमावली'** भन्नाले शहीद प्रतिष्ठान नेपालको शाखा सञ्चालन नियमावली, २०८० सम्झनु पर्दछ ।

**ग. 'प्रतिष्ठान'** भन्नाले शहीद प्रतिष्ठान नेपाललाई सम्झनु पर्दछ ।

**घ. 'कार्य समिति'** भन्नाले शहीद प्रतिष्ठान नेपालको विधानको दफा १३ बमोजिमको कार्य समितिलाई सम्झनु पर्दछ । साथै यसले सम्बन्धित शाखाका कार्य समिति समेतलाई बुझाउँछ ।

**ङ. 'अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य'** भन्नाले क्रमशः शहीद प्रतिष्ठान नेपालको अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र सदस्य भन्ने सम्झनु पर्दछ। साथै यसले सम्बन्धित शाखाका तत् तत् व्यक्तिलाई समेत बुझाउँछ । शाखा र उपशाखामा महासचिवको सट्टा सचिव रहनेछ भने प्रदेश शाखा, जिल्ला शाखा र पालिका शाखामा सहसचिव समेत रहने छन् ।

**च. 'केन्द्रीय कार्यालय'** भन्नाले शहीद प्रतिष्ठान नेपालको काठमाडौं स्थित कार्यालयलाई सम्झनु पर्दछ ।

**छ. 'शाखा कार्यालय'** भन्नाले नियमावली बमोजिम गठन भएका सम्बन्धित शाखाका कार्यालयलाई सम्झनु पर्दछ ।

**ज. 'प्रदेश शाखा'** भन्नाले प्रतिष्ठानको विधानलाई स्वीकार गरी सम्वन्धित निकायको स्वीकृतिमा नियमावली बमोजिम गठन भएको प्रतिष्ठानको प्रदेश स्तरको संरचनालाई सम्झनु पर्दछ ।

झ. **'जिल्ला शाखा'** भन्नाले प्रतिष्ठानको विधानलाई स्वीकार गरी सम्वन्धित निकायको स्वीकृतिमा नियमावली बमोजिम गठन भएको प्रतिष्ठानको जिल्ला स्तरको संरचनालाई सम्झनु पर्दछ ।

ञ. **'पालिका शाखा'** भन्नाले प्रतिष्ठानको विधानलाई स्वीकार गरी सम्वन्धित निकायको स्वीकृतिमा नियमावली बमोजिम गठन भएको प्रतिष्ठानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाँउपालिका स्तरको संरचनालाई सम्झनु पर्दछ ।

ट. **'वडा उप-शाखा'** भन्नाले प्रतिष्ठानको विधानलाई स्वीकार गरी सम्बन्धित निकायको स्वीकृतिमा नियमावली बमोजिम गठन भएको प्रतिष्ठानको वडा स्तरको संरचनालाई सम्झनु पर्दछ ।

ठ. **'शहीद'** भन्नाले नेपाल सरकारबाट राष्ट्रिय शहीद घोषणा गरी शहीदको सूचीमा सुचिकृत व्यक्तिलाई बुझाउने छ । साथै सो शब्दले प्रतिष्ठानको विधानले परिभाषा गरे अनुरुप जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका परिवर्तनका आन्दोलनहरुमा राष्ट्र र समाजका पक्षमा राजनीतिक आस्था र विचारका आधारमा शहादत प्राप्त गर्ने व्यक्ति समेतलाई सम्झनु पर्दछ ।

ड. **'बेपत्ता योद्धा'** भन्नाले नेपाल सरकारबाट बेपत्ता पारिएका भनी सूचिकृत गरिएका व्यक्तिलाई बुझाउने छ। साथै सो शब्दले प्रतिष्ठानको विधानले परिभाषा गरे अनुरुप जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका परिवर्तनका आन्दोलनमा राजनीतिक वैचारिक आस्थाका आधारमा राज्य वा अन्य शक्तिद्वारा पक्राउ गरी आफ्नो नियन्त्रणमा लिई बेपत्ता पारिएका व्यक्तिलाई सम्झनु पर्दछ ।

ढ. **'घाइते योद्धा'** भन्नाले जनयुद्ध, जन आन्दोलन एवं मधेश आन्दोलनका क्रममा आफ्ना शरीरका अङ्ग-प्रत्यङ्ग गुमाएका र घाइते तथा अपाङ्ग भएका वा बलात्कृत व्यक्तिलाई सम्झनु पर्दछ ।

ण. **'राजबन्दी'** भन्नाले जनयुद्ध, जनआन्दोलन तथा मधेश आन्दोलनका क्रममा स्वदेश तथा विदेशका जेलहरुमा बन्दी जीवन व्यतित गरेका व्यक्तिलाई सम्झनु पर्दछ ।

त. **'शहीद परिवार'** भन्नाले शहीद भएका व्यक्तिको श्रीमान्, श्रीमती, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, छोरा, छोरी, नाति, नातिनी र एकघर सगोलका दाजु, भाइ, दिदी बहिनीलाई सम्झनु पर्दछ।

थ. **'बेपत्ता परिवार'** भन्नाले बेपत्ता पारिएका व्यक्तिको श्रीमान्, श्रीमती, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, छोरा, छोरी, नाति, नातिनी र एकाघर सगोलका दाजु,भाइ, दिदी,बहिनीलाई सम्झनु पर्दछ ।

द. **'कर्मचारी'** भन्नाले शहीद प्रतिष्ठान नेपालको कार्यालयमा नियमित, आशिंक वा करारमा कार्यरत व्यक्तिलाई सम्झनु पर्दछ । साथै सो शब्दले प्रतिष्ठानका शाखा कार्यालयहरु र प्रतिष्ठानद्वारा सञ्चालित शहीद स्मृति आवासीय विद्यालयहरुमा नियमित, आंशिक वा करारमा कार्यरत व्यक्तिलाई समेत बुझाउने छ ।

ध. **'साधारण सभा'** भन्नाले प्रतिष्ठानको विधान बमोजिम वार्षिक रुपमा गरिने साधारण सभा सम्झनु पर्दछ ।

न. **'सम्मेलन'** भन्नाले प्रतिष्ठानको शाखा गठनका लागि नियमावली बमोजिम शहीद परिवार, बेपत्ता परिवार, घाइते योद्धा र राजबन्दीहरुको भेला वा सम्मेलन सम्झनु पर्दछ ।

प. **'केन्द्रीय साधारण सभाका प्रतिनिधि'** भन्नाले प्रदेश शाखाको सम्मेलनबाट केन्द्रको साधारण सभाका लागि चयन गरिएका प्रतिनिधि सम्झनु पर्दछ ।

फ. **'प्रदेश सम्मेलन प्रतिनिधि'** भन्नाले शहीद प्रतिष्ठान नेपालको जिल्ला सम्मेलनबाट प्रदेश सम्मेलनका लागि चुनिएका प्रतिनिधि सम्झनु पर्दछ ।

ब. **'जिल्ला सम्मेलन प्रतिनिधि'** भन्नाले शहीद प्रतिष्ठान नेपालको पालिका सम्मेलनबाट जिल्ला सम्मेलनका लागि चयन गरिएका प्रतिनिधि सम्झनु पर्दछ ।

भ. **'तोकिए वा तोकिए बमोजिम'** भन्नाले शहीद प्रतिष्ठान नेपालको विधान, नियमावली, विनियम, कार्यविधि, निर्देशिका, आचार संहिता, कार्य समिति वा अख्तियार प्राप्त व्यक्ति वा प्रतिष्ठानको साधारण सभाबाट तोकिएको वा तोकिए बमोजिमको विषय वा प्रसङ्ग सम्झनु पर्दछ ।

३) **नियमावलीको व्याख्या गर्ने अधिकार :-** यो नियमावलीको व्याख्या गर्ने अधिकार शहीद प्रतिष्ठान नेपालको कार्य समितिलाई हुनेछ ।

## परिच्छेद- ३

## छाप र लोगो

**४) छाप र लोगो**

क. शहीद प्रतिष्ठान नेपालको लोगो नै शहीद प्रतिष्ठानका सबै शाखा तथा उप-शाखाहरूको लोगो हुनेछ ।

ख. शहीद प्रतिष्ठान नेपालको सबै शाखा तथा उप-शाखाहरूको छापमा शहीद प्रतिष्ठान नेपालको छापको तल्लो भागमा सम्बन्धित शाखा तथा उप-शाखाको नाम लेखिएको अनुसुची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद- ४

## सदस्यता तथा नवीकरण

**५) साधारण सदस्यता**

क. शहीद प्रतिष्ठान नेपालको साधारण सदस्यता केन्द्र र पालिका शाखाबाट वितरण गरिने छ ।

ख. यो नियमावली जारी हुँदाका बखतसम्म वितरण भएका सदस्यहरु स्वतः प्रतिष्ठान केन्द्रका सदस्य हुनेछन् ।

ग. शहीद प्रतिष्ठान नेपालको विधानको व्यवस्था बमोजिम प्रतिष्ठान केन्द्रबाट सदस्यता प्राप्त गर्न सकिने छ ।

घ. आजीवन सदस्यताको वितरण प्रतिष्ठान केन्द्रले मात्र गर्नेछ ।

ङ. कसैलाई मानार्थ सदस्यता दिनुपर्ने भएमा उचित कारण सहित प्रतिष्ठानको केन्द्रमा मानार्थ सदस्यताका लागि सम्बन्धित शाखाले सिफारिस गर्नुपर्ने छ । मानार्थ सदस्यता दिने निर्णय प्रतिष्ठानको केन्द्रले मात्र गर्नेछ ।

च. आमरुपमा साधारण सदस्यता पालिका शाखाबाट वितरण गरिने छ ।

छ. निम्न योग्यता पुगेका शहीद परिवार, बेपत्ता योद्धा परिवार, घाइते योद्धा र राजबन्दी व्यक्तिहरु शहीद प्रतिष्ठान नेपालको पालिका शाखाका सदस्य हुन सक्नेछन् :

(१) नेपाली नागरिक भएको ।

(२) १८ वर्ष उमेर पूरा भएको ।

(३) मानसिक सन्तुलन नगुमाएको ।

(४) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

(५) नैतिक पतन देखिने फौजदारी तथा भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।

ज. शहीद प्रतिष्ठान नेपालको पालिका शाखाको सदस्य हुनका लागि अनुसूची २ मा उल्लेख भए बमोजिमको आवेदन पेश गर्नु पर्नेछ ।

झ. कुनै आवेदकलाई सदस्यता दिने वा नदिने कुराको निर्णय गर्ने अधिकार सम्बन्धित शाखाको कार्य समितिलाई हुनेछ ।

ञ. शाखा सदस्यता आवेदन शुल्क रू. ५०/- हुनेछ । साधारण सदस्यता शुल्क रु १००/- हुनेछ ।

**६) सदस्यता नवीकरण :-**

क. शहीद प्रतिष्ठान नेपालको सदस्यता जुन शाखाबाट लिएको हो सोही शाखाबाट सदस्यता नवीकरण गर्नुपर्ने छ ।

ख. केन्द्रको साधारण सदस्यको सदस्यता नवीकरण शुल्क रु ५००/- (पाँच सय रुपैयाँ) हुनेछ ।

ग. पालिका शाखा सदस्यको सदस्यता नवीकरण शुल्क रु १००/- (एक सय रुपैयाँ) हुनेछ ।

घ. साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक आर्थिक वर्ष (असार मसान्त) भित्र सदस्यता नवीकरण गर्नुपर्ने छ ।

ङ. आर्थिक वर्षभित्र सदस्यता नवीकरण नगर्ने साधारण सदस्यले साधारण सभाभन्दा अघि रु १०/- विलम्ब शुल्क तिरी सदस्यता नवीकरण गर्न सक्नेछन् ।

च. समयमा सदस्यता नवीकरण नगर्ने सदस्यको सदस्यता स्वतः खारेज हुनेछ ।

छ. नवीरकण छुट भएको सदस्यले पुनः नवीकरण गर्न चाहेमा नयाँ सदस्यता प्राप्तिको प्रक्रियाबाट सदस्यता प्रदान गर्न सकिने छ ।

ज. शहीद प्रतिष्ठान नेपाल प्रदेश शाखाका पदाधिकारीहरु र सम्बन्धित प्रदेशमा रहेका जिल्लाको संख्या बराबर हरेक जिल्लाबाट प्रतिनिधित्व हुनेगरी प्रदेश शाखाले चयन गरेका प्रतिनिधिहरुले प्रतिष्ठान केन्द्रमा सदस्यता नवीकरण गरी सदस्य हुन सक्नेछन् । यसरी केन्द्रमा नवीकरण भएका सदस्यहरुले केन्द्रको जिम्मेवारी समाप्ति पछि आफ्नो सदस्यता रहेको पालिका शाखामा नवीकरण गर्नुपर्ने छ ।

झ. शहीद प्रतिष्ठान नेपालद्वारा सञ्चालित शहीद स्मृति आवासीय माध्यमिक विद्यालयहरुका व्यवस्थापन समितिका अध्यक्षहरुले प्रतिष्ठान केन्द्रमा सदस्यता नवीकरण गरी सदस्य हुन सक्नेछन् ।

ट. संस्थापक सदस्यहरु र आजीवन सदस्यहरुलाई केन्द्रको सदस्यता नवीकरण गरिरहनु पर्ने छैन ।

**७) सदस्यता सम्बन्धी अन्य व्यवस्था :**

क. सदस्यताको अभिलेख सदस्यता दिने सम्बन्धित पालिका शाखामा रहने छ । पालिका शाखाले आफूसँग भएको सदस्यताको विवरण र नवीकरण विवरण प्रत्येक साधारण सभा सम्पन्न भए लगत्तै प्रतिष्ठानको केन्द्रीय कार्यालयमा बुझाउनु पर्नेछ ।

ख. संस्थाको हित विपरित गतिविधि गर्ने सदस्यको सदस्यता प्रतिष्ठान केन्द्रबाट खारेज गर्न सकिने छ । सदस्यता खारेज गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई स्पष्टिकरणको मौका दिइने छ ।

ग. सदस्यता समाप्तिमा परेको कुनै सदस्यले साविक सदस्यता रहेको शाखामा आधार र कारण सहित आवश्यकतानुसार लिखित आत्मालोचना सहित निवेदन दिएमा र शाखाको शर्त मान्न मञ्जुर गरेमा सदस्यता शुल्क तिरी पुनः सदस्यता प्राप्त गर्न सक्नेछ ।

घ. प्रतिष्ठानको शाखा सदस्यताका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रतिष्ठानको केन्द्रीय कार्य समितिले गर्ने निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद- ५

## सम्मेलन, साधारण सभा र कार्यसमिति

**८) सम्मेलन र साधारण सभा सम्बन्धी व्यवस्था :-**

क. प्रतिष्ठानको पालिका शाखा गठन पूर्व सदस्यता प्राप्त शहीद परिवार, बेपत्ता परिवार, घाइते योद्धा र राजबन्दीहरुको सम्मेलन गरी पालिका शाखा गठन गर्नुपर्ने छ ।

ख. नियमावली बमोजिम चयन भएका प्रतिनिधिहरुको सम्मेलनबाट जिल्ला शाखा र प्रदेश शाखाको गठन हुनेछ ।

ग. हरेक शाखाको वर्षको एक पटक आर्थिक वर्ष समाप्त भएको तीन महिना (असोज मसान्त भित्र) वार्षिक साधारण सभा हुनेछ ।

घ. शाखाको साधारण सभाले आफ्नो शाखाको कार्य समितिको चयन र माथिल्लो शाखाको सम्मेलनका लागि प्रतिनिधिको चयन गर्नेछ ।

ङ शाखाको साधारण सभाले आफ्नो शाखाको एक वर्षको कामको समीक्षा सहित आगामी आ.व.को वार्षिक कार्यक्रम र वजेट निर्माण गरी लागू गर्नेछ ।

च. सदस्यहरुलाई १५ दिनको सूचना दिएर साधारण सभामा निमन्त्रणा गर्नु पर्नेछ । साधारण सभाको लागि ५० प्रतिशत सदस्यको उपस्थिति गणपुरक संख्या मानिने छ । गणपुरक संख्या नपुगी साधारण सभा हुन नसकोको अवस्थामा ७ दिनको सूचना दिएर पुनः साधारण सभा बोलाउनु पर्नेछ । यसरी बोलाइएको साधारण सभामा तेत्तीस प्रतिशत सदस्य उपस्थित भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिने छ ।

छ. नवीकरण भएका सदस्यहरु मात्र साधारण सभामा सहभागि हुन सक्नेछन् ।

ज. सम्मेलन र वार्षिक साधारण सभाको उपस्थिति सहितको निर्णय पुस्तिका तयार गरी राख्नु पर्नेछ ।

**९) कार्यसमिति सम्बन्धी व्यवस्था :-**

क. शाखाको कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ ।

ख. शाखाको कार्यसमिति गठन गर्दा एक शहीद परिवार वा बेपत्ता परिवारबाट एक जनामात्र कार्य समितिमा चयन गर्नुपर्ने छ ।

ग. शाखाको कार्यसमितिलाई यथासंभव समावेशी बनाउनु पर्नेछ । साथै शहीद परिवार, बेपत्ता परिवार, घाइते योद्धा र राजबन्दी सबैलाई समेट्नु पर्नेछ ।

घ. शाखाको कार्यसमितिमा चयन भएको व्यक्ति त्यो कार्यकाल भरी सोही समितिमा रहनु पर्नेछ ।

ङ. शाखा कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ तर कार्यसमितिका पदाधिकारीको एकाउन्न प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

च. शाखा कार्यसमितिका पदाधिकारीहरुको जम्मा संख्याको एकाउन्न प्रतिशत पदाधिकारीहरु उपस्थित नभई कार्यसमितिको बैठक बस्ने छैन ।

छ. शाखा कार्यसमितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहेमा ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

ज. शाखा कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ

झ. शाखा कार्यसमितिको बैठकमा छलफल भई गरिएका निर्णयहरुको छुट्टै निर्णय पुस्तिका बनाई राख्नु पर्नेछ । निर्णय पुस्तिकामा बैठकमा उपस्थित सदस्यहरुले दस्तखत गर्नु पर्नेछ । निर्णयमा असहमति जनाउने सदस्यहरुले कैफियत खोली दस्तखत गर्न सक्नेछन् ।

## परिच्छेद- ६

## प्रदेश शाखा

**१०) प्रदेश शाखा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-**

क. राज्यको भौगोलिक संरचना अनुसार प्रतिष्ठानका सात प्रदेश शाखा हुनेछन् । प्रदेश शाखा सञ्चालन गर्नका लागि प्रतिष्ठानले आफ्नो केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्य मध्येबाट कुनै एक जनालाई प्रतिनिधि खटाई पठाउने छ ।

ख.प्रदेशमा शाखा गठन भई सम्वन्धित निकायमा दर्ता नहुँदासम्म त्यसरी खटाइएका प्रतिनिधिले नै प्रतिष्ठानका तर्फवाट आवश्यक कामको संयोजन गर्ने छन् । सम्बन्धित निकायबाट शाखा सञ्चालन अनुमति पत्र लिइसके पछि त्यस्तो अनुमति पत्रको जानकारी प्रतिष्ठान केन्द्रलाई दिनु पर्नेछ ।

ग. प्रतिष्ठानको प्रदेश शाखाले छुट्टै सदस्यता वितरण गर्ने छैन । सम्बन्धित प्रदेश अन्तर्गतको प्रतिष्ठानका जिल्ला शाखाका कार्य समितिका सदस्यहरु र जिल्ला सम्मेलनबाट चुनिएका प्रदेश सम्मेलन प्रतिनिधिहरु त्यस प्रदेश शाखाको सदस्य हुनेछन् ।

घ. प्रदेश शाखाका सदस्यहरुको सम्मेलनले प्रतिष्ठान प्रदेश शाखाको कार्यसमिति गठन गर्नेछ र सम्बन्धित प्रदेशमा रहेका जिल्लाको संख्या बराबर हरेक जिल्लाबाट प्रतिनिधित्व हुनेगरी केन्द्रको साधारण सभाका लागि प्रतिनिधिको छनौट गर्नेछ ।

ङ प्रतिष्ठान प्रदेश शाखामा अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सहसचिव- १, कोषाध्यक्ष-१ र सदस्य-१० जना गरी १५ सदस्यीय कार्य समिति रहने छ ।

च. जिल्ला शाखा गठन नै नभएको वा जिल्ला शाखाको समयमै साधारण सभा हुन नसकि प्रदेश साधारण सभा हुन नसकेको अवस्थामा प्रतिष्ठान केन्द्रले प्रदेश तदर्थ समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद- ७

## जिल्ला शाखा

**११) जिल्ला शाखा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-**

क. कुनै जिल्लामा प्रतिष्ठानको जिल्ला शाखा सञ्चालन गर्न चाहेमा प्रतिष्ठान प्रदेश समितिले सम्बन्धित प्रदेश शाखा कार्यसमितिका पदाधिकारी वा सदस्य मध्येबाट कुनै एक जनालाई उक्त जिल्लामा शाखा गठनका लागि प्रतिनिधि तोकेर पठाउने छ। प्रदेश शाखा गठन नभइसकेको अवस्थामा त्यस्तो प्रतिनिधि केन्द्रले आफूहरु मध्येबाट तोकेर पठाउने छ ।

ख. जिल्लामा शाखा गठन भई सम्वन्धित निकायमा दर्ता नहुँदासम्म त्यसरी खटाइएका प्रतिनिधिले नै प्रतिष्ठानका तर्फवाट आवश्यक कामको संयोजन गर्ने छन् । सम्बन्धित निकायबाट शाखा सञ्चालन अनुमति पत्र लिइसके पछि त्यस्तो अनुमति पत्रको जानकारी प्रतिष्ठानको प्रदेश शाखा र केन्द्रलाई दिनु पर्नेछ ।

ग. प्रतिष्ठान जिल्ला शाखाले छुट्टै सदस्यता वितरण गर्ने छैन । जिल्ला भित्र रहेका पालिका शाखाका कार्य समिति सदस्यहरु र पालिका सम्मेलनबाट चुनिएका जिल्ला सम्मेलन प्रतिनिधिहरु नै जिल्ला शाखाका सदस्य हुनेछन् ।

घ. जिल्ला शाखा सदस्यहरुको सम्मेलनले प्रतिष्ठान जिल्ला कार्यसमितिको गठन गर्नेछ र जिल्ला शाखाका पदाधिकारी र सो संख्या बराबर हुने गरी ५ जना प्रदेश सम्मेलनका लागि प्रतिनिधिको छनौट गर्नेछ।

ङ. जिल्ला शाखामा अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सहसचिव-१, कोषध्यक्ष-१ र सदस्य -१२ जना गरी १७ सदस्यीय कार्य समिति रहने छ ।

च. यस अघि गठन भइसकेका जिल्ला शाखाहरुको हकमा यो नियमावली लागू भए पश्चात यसै बमोजिम नवीकरण गर्नु पर्नेछ ।

छ. पालिका शाखा गठन हुन नसकेको वा गठन भए पनि समयमै साधारण सभा हुन नसकी जिल्ला साधारण सभा हुन नसकेको अवस्थामा प्रदेश शाखाको सिफारिसमा प्रतिष्ठान केन्द्रले तदर्थ जिल्ला कार्य समिति गठन गर्न सक्नेछ । प्रदेश शाखा नरहेको अवस्थामा प्रतिष्ठान केन्द्रले सिधै सो काम गर्नेछ ।

## परिच्छेद- ८

## पालिका शाखा

**१२) पालिका शाखा सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :-**

क. कुनै पालिकामा प्रतिष्ठानको पालिका शाखा सञ्चालन गर्न चाहेमा प्रतिष्ठान जिल्ला शाखाले जिल्ला कार्यसमितिका पदाधिकारी वा सदस्य मध्येबाट कुनै एक जनालाई उक्त पालिकामा शाखा गठनका

लागि प्रतिनिधि तोकेर पठाउने छ । जिल्ला शाखा नरहेको अवस्थामा प्रदेश शाखाले र प्रदेश शाखा पनि नरहेको अवस्थामा प्रतिष्ठान केन्द्रलेनै प्रतिनिधि खटाइ पठाउने छ ।

ख. पालिकामा शाखा गठन भई सम्वन्धित निकायमा दर्ता नहुँदासम्म त्यसरी खटाइएका प्रतिनिधिले नै प्रतिष्ठानका तर्फबाट आवश्यक कामको संयोजन गर्ने छन् । सम्बन्धित निकायबाट शाखा सञ्चालन अनुमति पत्र लिइसके पछि त्यस्तो अनुमति पत्रको जानकारी प्रतिष्ठानको जिल्ला शाखा, प्रदेश शाखा र केन्द्रलाई दिनु पर्नेछ ।

ग. पालिका शाखा गठन हुनु पूर्व नै प्रतिष्ठानको तोकिएका प्रतिनिधिले पालिका शाखाको साधारण सदस्यता वितरण गर्ने छन् ।

घ. पालिका शाखामा अध्यक्ष-१, उपाध्यक्ष- १, सचिव-१, कोषध्यक्ष-१ र सदस्य-७ जना गरी ११ सदस्यीय कार्य समिति रहने छ ।

ङ. पालिका सम्मेलनले पालिका कार्य समितिबाट २ जना र अन्य कम्तिमा ३ जना गरी ५ जना जिल्ला सम्मेलन प्रतिनिधिको चयन गर्नेछ । साथै पालिका शाखामा २५ जनाभन्दा बढी साधारण सदस्य रहेको अवस्थामा थप हरेक २५ जना सदस्य बराबर एक जनाका दरले जिल्ला सम्मेलनमा थप प्रतिनिधि चयन गर्न सकिने छ ।

च. कुनै पालिकामा सम्मेलन हुन नसकेको वा शाखा गठन पछि साधारण सभा हुन नसकेको अवस्थामा प्रतिष्ठान प्रदेश शाखाले जिल्ला शाखाको सिफारिस र प्रतिष्ठान केन्द्रको स्वीकृतिमा पालिका तदर्थ समिति गठन गर्न सक्नेछ ।.

## परिच्छेद- ९

## वडा उप-शाखा

**१३) वडा उप-शाखा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-**

क. कुनै पालिकाको वडामा वडा उप-शाखा गठन आवश्यक छ भनी पालिका शाखाको माग र जिल्ला र प्रदेश शाखाबाट सिफारिस भई आएको र प्रतिष्ठान केन्द्रले त्यसलाई स्वीकृत गरेको अवस्थामा शहीद प्रतिष्ठान नेपालको वडा उप-शाखा गठन गर्न सकिने छ ।

ख. पालिका शाखाको वार्षिक साधारण सभाले निर्णय गरी पालिका शाखाको कार्य समिति सदस्यको संयोजकत्वमा वडा उप-शाखा समिति गठन गर्ने छ ।

ग. वडा उप-शाखामा संयोजक-१, सचिव-१ र सदस्य ३ जना गरी ५ सदस्यीय कार्य समिति हुने छ । उप-शाखाको कार्य समितिमा रहने सदस्यहरु सोही वडाका सदस्य हुनु पर्नेछ ।

## परिच्छेद- १०

## पदाधिकारी तथा सदस्यहरुका काम, कर्तव्य र अधिकार

**१४) शाखाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

क. अध्यक्षको काम, कर्तव्य र अधिकार

(१) शाखाको समग्र नेतृत्व गर्ने,

(२) बैठकको अध्यक्षता गर्ने र निर्णयहरुको कार्यान्वयनमा नेतृत्व गर्ने,

(३) वार्षिक साधारण सभामा प्रस्तुत गरिने लिखित प्रतिवेदन तयार गर्न लगाई कार्य समितिबाट निर्णय गराई सचिव मार्फत कार्य समितिका तर्फबाट पेश गर्न लगाउने,

(४) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

(५) शाखाको तर्फबाट आवश्यक प्रतिनिधित्व गर्ने-गराउने,

(६) भएका निर्णय कार्यान्वयन भए नभएको रेखदेख गर्ने-गराउने,

(७) बैठकमा मत बराबरी भएमा निर्णायक मतको प्रयोग गर्ने,

ख. उपाध्यक्षका काम, कर्तव्य र अधिकार

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने,

(२) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने

(३) अध्यक्षले प्रत्यायोजित गरेका काम गर्ने,

ग. सचिवका काम, कर्तव्य र अधिकार

(१) अध्यक्षको परामर्शमा बैठक बोलाउने र बैठकको कार्यसूची तयार गर्ने,

(२) पारित योजना तथा निर्णयहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने,

(३) शाखाको अभिलेख, कागज पत्र, चल अचल सम्पति दुरुस्त राख्ने,

(४) शाखा कार्यालयको रेखदेख, व्यवस्थापन र सञ्चालन गर्ने,

(५) वार्षिक साधारण सभामा कार्य समितिका तर्फबाट लिखित प्रतिवेदन प्रस्तुत गर्ने,

(६) समितिले तोकेका अन्य काम गर्ने,

घ. कोषाध्यक्षका काम, कर्तव्य र अधिकार

(१) आम्दानी खर्चको फाँटवारी राख्ने,

(२) संमितिको आर्थिक योजना तयार गर्ने,

(३) साधारण सभामा आर्थिक प्रतिवेदन पेश गर्ने,

(४) निर्धारित समयभित्रै शाखाको आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने,

(५) आम्दानी वृद्धि गर्नका लागि आवश्यक योजना निर्माण गरी शाखाको बैठकमा पेश गर्ने,

ङ. सदस्यहरुको काम, कर्तव्य र अधिकार

(१) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

(२) शाखाको काममा रचनात्मक भूमिका निर्वाह गर्ने,

(३) शाखा समिति र अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने,

च. वडा उप-शाखा संयोजक, सचिव र सदस्यहरुको काम, कर्तव्य र अधिकार

(१) वडा उप-शाखा आफ्नो पालिकाको कार्य योजना र निर्णय अनुसार सञ्चालन गर्नु पर्नेछ ।

(२) वडा उप-शाखाका संयोजकले आफ्नो वडा समितिको समग्र कामको संयोजन गरी पालिका शाखामा सम्पूर्ण निर्णयको जानकारी गराउने छ ।

(३) वडा उप-शाखा सचिवले संयोजकको निर्देशन अनुसार निर्णय पुस्तिका लेखन लगायतका काम गर्नेछ ।

(४) वडा उप-शाखा सदस्यले उप-शाखा समितिले निर्णय गरी दिए अनुसारको काम गर्नेछन्।

## परिच्छेद- ११

## कार्यविभाजन, कार्यालय सञ्चालन र प्रतिवेदन

### १५) कार्यविभाजन

क. प्रतिष्ठानको केन्द्रीय कार्य समितिले प्रदेश शाखाहरुको कार्यहरुको अनुगमन, निरीक्षण तथा रेखदेखका लागि आफ्नो कार्य समितिका पदाधिकारी तथा सदस्य मध्ये कसैलाई जिम्मेवारी तोकी कार्य विभाजन गर्न सक्नेछ ।

ख. प्रतिष्ठानको प्रदेश शाखा कार्य समितिले आफ्नो प्रदेश अन्तर्गतका जिल्ला शाखा तथा पालिका शाखाहरुको कार्यहरुको अनुगमन, निरीक्षण तथा रेखदेखका लागि आफ्नो कार्य समितिका पदाधिकारी तथा सदस्य मध्ये कसैलाई जिम्मेवारी तोकी कार्य विभाजन गर्न सक्नेछ ।

ग. प्रतिष्ठानको जिल्ला शाखा कार्य समितिले आफ्नो जिल्ला अन्तर्गतका शाखाहरुको कार्यहरुको अनुगमन, निरीक्षण तथा रेखदेखका लागि आफ्नो कार्य समितिका पदाधिकारी तथा सदस्य मध्ये कसैलाई जिम्मेवारी तोकी कार्य विभाजन गर्न सक्नेछ ।

### १६) कार्यालय सञ्चालन

क. शाखाहरुले आफ्नो कार्यालय स्थापना गर्ने छन् । कार्यालय सम्बन्धित शाखाले निर्धारण गरेको स्थानमा हुनेछ ।

ख. शाखाहरुले निर्णय कार्यान्वयन र दैनिक कार्य सञ्चालनका लागि आवश्यक जनशक्ती नियुक्त गर्न सक्नेछन् । यसरी नियुक्त गरिएका कर्मचारीहरुको खर्च सम्बन्धित शाखाले नै व्यहोर्ने छ ।

### १७) प्रतिवेदन

क. प्रतिष्ठानको तर्फबाट शाखाहरुको कार्यहरुको अनुगमन, निरीक्षण तथा रेखदेखका लागि जिम्मेवारी तोकिएका प्रतिनिधिले कार्यक्षेत्रको अवस्था र कामको लिखित प्रतिवेदन आफ्नो समितिमा बुझाउनु पर्नेछ ।

ख. सबै शाखाहरुले आफ्नो वार्षिक कार्य प्रगति प्रतिवेदन अनिवार्य रुपमा प्रतिष्ठानको केन्द्रीय कार्यालयमा बझाउनु पर्नेछ र त्यसको छायाँप्रति सम्बन्धित जिल्ला तथा प्रदेश शाखालाई अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

## परिच्छेद- १२

## आर्थिक व्यवस्था, सम्पत्ति विवरण तथा लेखापरीक्षण

**१८) कोष :**

क. प्रतिष्ठानका शाखाहरुले अफ्नो छुट्टै कोष स्थापना गर्नेछन् । सो कोषमा देहाय बमोजिम शीर्षकमा  रकम जम्मा हुनेछन् :

(१) सदस्यबाट प्राप्त रकम,

(२) अनुदान, सहायता वापत प्राप्त रकम,

(३) संघ, प्रदेश र स्थानीय तहका सरकारबाट प्राप्त अनुदान रकम,

(४) अन्य संघ, संस्था र व्यक्ति व्यक्तित्वहरुबाट अनुदान सहयोग वापत प्राप्त रकम,

(५) श्रम सहयोगबाट प्राप्त रकम,

(६) मौलिक र रचनात्मक कार्य गरी आर्जन गरिने रकम,

(७) शाखाका चल अचल सम्पत्ति वापत प्राप्त रकम,

(८) अन्य विविध श्रोतबाट प्राप्त रकम,

ख. शाखाले प्राप्त आम्दानीलाई नगदी रसिद काटी आम्दानी बाँधी राख्नु पर्दछ ।

ग. नगदी रसिदको ढाँचा अनुसूची ३ मा तोकिए बमोजिमको हुनेछ र त्यसको छायाँ प्रति सम्बन्धित शाखामा सुरक्षित राख्नु पर्नेछ ।

घ. शाखाहरुले आम्दानी तथा खर्चको स्रेस्ता नियमानुसार राख्नु पर्नेछ ।

ङ. शाखा समितिको साधारण सभाबाट नीतिगत रुपमा पारित गरी वार्षिक बजेट, योजना र कार्यक्रम बनाई कोषबाट रकम खर्च गर्न सकिने छ ।

च. शाखाको आम्दानी खर्चको विवरण सदस्यहरुको वार्षिक साधारण सभामा अनिवार्य  रुपमा पेश गर्नु पर्नेछ ।

छ. प्रतिष्ठान केन्द्रले चाहेमा जुनसुकै बखत शाखाको हिसाब किताब जाँच गर्न वा मातहतको शाखालाई जाँच गर्न निर्देशन दिन सक्नेछ ।

ज. वडा उप-शाखाहरुले आफ्नो आम्दानी र खर्चको सबै काम पालिका शाखाको निर्णय अनुसार गर्नु पर्नेछ ।

**१९) बैंक खाता :**

क. सबै शाखाले सरकारी मान्यता प्राप्त वित्तीय संस्था (बैंक) मा खाता सञ्चालन गर्नु पर्नेछ ।

ख. शाखाामा प्राप्त आम्दानी वित्तीय संस्थामा अनिवार्य जम्मा गरी वित्तीय संस्थाबाट मात्र खर्च गर्नु पर्नेछ ।

ग. शाखाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट वित्तीय संस्थाको खाता सञ्चालन हुनेछ ।

**२०) सम्पत्ति सम्बन्धि व्यवस्था :**

क.सबै शाखाहरुले आफ्नो शाखालाई आवश्यक पर्ने जग्गा, घर, कोठा, खरिद गर्ने वा भाडामा वा भोगाधिकार लिने भवन निर्माण गर्ने, फर्निचर, कम्प्युटर, टेलिफोन जस्ता कार्यालय सामान खरिद गर्ने सक्नेछन् ।

ख.सबै शाखाहरुले आफ्नो चल अचल सम्पत्ति जग्गा, भवन र अन्य भौतिक सम्पत्तिको लगत फरक-फरक रूपमा राख्नु पर्नेछ। त्यसरी तयार गरिएको सम्पत्तिको लागत प्रतिष्ठानको केन्द्रमा बुझाउनु पर्नेछ ।

ग. शाखाले एक लाखभन्दा बढी मूल्यका भौतिक सामान र सेवा खरिदको निर्णय गर्नु पूर्व प्रतिष्ठान केन्द्रको अनुमति लिनु पर्नेछ ।

**२१) लेखापरीक्षण :**

क. सबै शाखाहरुले प्रत्येक आर्थिक वर्षको आय-व्यय विवरणको आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ।

ख. शाखाहरुले आफ्नो आन्तरिक लेखापरीक्षणको रिपोर्ट आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र (श्रावण १५ गते भित्र) अनिवार्य रुपमा प्रतिष्ठानको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद- १३

## विविध

**२२) नियमावली सशोधन** : शहीद प्रतिष्ठान नेपालको वार्षिक साधरण सभाले यस नियमावलीलाई संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**२३) आचारसहिंता :** कार्य सम्पादनलाई सुव्यवस्थित गर्न प्रतिष्ठानले आवश्यक आचारसंहिता बनाई लागू गर्न सक्नेछ । त्यस्तो आचार संहिता साधारण सभामा अनुमोदन गराउनु पर्नेछ ।

**२४) बाधा अड्काउ फुकाउ :** यस नियमावलीको प्रयोग गर्दा उत्पन्न बाधा-अड्काउ फुकाउन प्रतिष्ठानले निर्णय गर्न सक्नेछ । त्यस्तो निर्णय वार्षिक साधारण सभामा अनुमोदन गराउनु पर्नेछ ।

**२५) खारेजी तथा बचाऊ :**

क. शहीद प्रतिष्ठान नेपालको शाखा सञ्चालन नियमावली २०७१ लाई खारेज गरिएको छ ।

ख. यस नियमावलीमा उल्लेख भएका कुरामा यसै बमोजिम र यसमा उल्लेख नभएका कुराको हकमा प्रतिष्ठान कार्य समितिले निर्णय गरे बमोजिम हुनेछ । कार्य समितिले यस्तो निर्णय गर्दा संघीय सरकरको प्रचलित कानून र नेपाल कानूनलाई समेत आधार लिनेछ । यस्तो निर्णय वार्षिक साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

ग. शहीद प्रतिष्ठान नेपालको शाखा सञ्चालन नियमावली २०७१ ले गरेका काम कारवाही यही नियमावलीले गरेको मानिने छ ।